2026. 6.

경상남도 GYEONGNAM GNCDC 경상남도 감염병관리지원단

# गर्मीमा सावधान

# रहनुपर्ने जलजन्य तथा खाद्यजन्य संक्रामक रोगहरू

## जलजन्य तथा खाद्यजन्य संक्रामक रोग भनेको के हो?

ब्याक्टेरिया, भाइरस आदिले **दूषित पारेको पानी** वा **खाना सेवन** गर्दा हुने रोग, जसले **बान्ता, पखाला, पेट दुख्ने** जस्ता आन्द्रासम्बन्धी लक्षणहरू देखाउँछ।

सन् '२१~'२५ सम्म साल्मोनेला तथा क्याम्पिलोब्याक्टर संक्रमणका साप्ताहिक औसत रिपोर्ट गरिएका घटनाहरूको संख्या




स्रोत: कोरिया रोग नियन्त्रण तथा रोकथाम एजेन्सी को संक्रामक रोग पोर्टल, आन्द्रा संक्रमण नमूना निगरानी तथ्याङ्क

विशेष गरी उच्च तापक्रम र आर्द्रता हुने
**गर्मी याममा** पखाला, पेट दुख्ने,
बान्ता जस्ता लक्षण उत्पन्न गराउने
**जीवाणुजन्य आन्द्रा संक्रमित हरु वढदैछन !**

# प्रमुख रोगकारक जीवाणुहरू

| साल्मोनेला जीवाणु संक्रमण | क्याम्पिलोब्याक्टर जीवाणु संक्रमण |
|---|---|
| **संक्रमण अवधि** | **संक्रमण अवधि** |
| ६ घण्टादेखि १० दिनसम्म (सामान्यतया ६~४८ घण्टा) | २–१० दिन (सामान्यतया २–५ दिन) |
| **मुख्य संक्रमणकारी खाद्य पदार्थहरू** | **मुख्य संक्रमणकारी खाद्य पदार्थहरू** |
| काँचो अण्डा, राम्ररी नपाकेको अण्डा तथा अण्डाजन्य प्रशोधित खाद्य पदार्थ, दूषित मासु तथा मासुजन्य प्रशोधित खाद्य पदार्थहरू | राम्ररी नपाकेको मासु (विशेष गरी कुखुराको मासु तथा अन्य कुखुराजन्य मासु), अपाश्चरित दुग्धजन्य पदार्थहरू |
|  |  |

# मुख्य लक्षणहरू



पेट दुख्ने, पखाला



बान्ता, वाकवाकी



ज्वरो, टाउको दुख्ने

2026. 6.

# मुख्य रोकथाम उपायहरू



**सहि तरिकाले हात धुने** अभ्यासलाई दैनिक जीवनको हिस्सा बनाऔँ।



खाद्य पदार्थहरू पर्याप्त रूपमा **पकाएर मात्र सेवन गर्ने**



पानी **उमालेर मात्र पिउने**



तरकारी र फलफूललाई सफा पानीले**राम्रोसँग धोएर खाने**



पखालाको लक्षण भएमा **खाना पकाउन वा तयार पार्न निषेध**



खाना **स्वस्थ** रुपमा **पकाउने**

*चक्कु र काट्ने पाटो प्रयोगपछि कीटाणुमुक्त गर्ने, माछा, मासु र तरकारीका लागि छुट्टाछुट्टै काट्ने पाटो प्रयोग गर्ने आदि।

2026. 6.

경상남도 GYEONGNAM GNCDC 경상남도 감염병관리지원단

**पखाला, बान्ता** आदि लक्षणहरू देखिएमा
खाना पकाउने कार्य नगर्नु र ,

**२ जना वा सोभन्दा बढी**
व्यक्तिमा सामूहिक संक्रमण भएको शंका लागेमा

**☎१३३९** रोग नियन्त्रण कल सेन्टर
वा नजिकको स्वास्थ्य संस्थामा तुरुन्त
जानकारी दिनुहोस्!



